नेपाल खुला विश्वविद्यालय
स्था: २०७३

# नेपाल खुला विश्वविद्यालय

☎: ०१-५००८०४७
०१-५००८०४८

केन्द्रीय कार्यालय
मानभवन, ललितपुर, नेपाल

प.सं.: 076/77
च.नं.: 338

मिति: २०७६।१२।०८

## सूचना

सम्माननीय प्रधानमंत्री के. पी शर्मा ओलीज्यूले मिति २०७६/१२/७ गते देशवासीका नाममा गरेको सम्बोधनमा भएको घोषणा तथा माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री इश्वर पोखरेलज्यूको संयोजकत्वमा गठित (COVID-19) संक्रमण, रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको मिति २०७६/१२/५ गतेको बैठकको निर्णय सम्बन्धमा नेपाल खुला विश्वविद्यालय, कार्यकारी परीषदको मिति २०७६/१२/०८ गतेको बैठकले तपशील बमोजिम गर्ने निर्णय गरे अनुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

### तपशील

विश्वविव्यापी महामारीको रुपमा संक्रमित कोरना भाइरस (COVID-19) को नेपालमा संभावित जोखिम नियन्त्रणका लागि विशेष सचेतना अपनाई पूर्व तयारी एवं सर्तकता अबलम्बन गर्न आवश्यक रहेको सन्दर्भमा सम्मननीय प्रधानमंत्री के. पी शर्मा ओलीज्यूले मिति २०७६/१२/७ गते देशवासीका नाममा गरेको सम्बोधनमा भएको घोषणा तथा माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री इश्वर पोखरेलज्यूको संयोजकत्वमा गठित (COVID-19 संक्रमण, रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको मिति २०७६/१२/५ गतेको बैठकको निर्णय विश्वविद्यालय अनुदान आयोगबाट जानकारी एवं कार्यान्वयनका लागि प्राप्त भएको विषय सन्दर्भमा देहाय बमोजिम गर्ने।

१) सम्माननीय प्रधानमंत्री के. पी शर्मा ओलीज्यूले मिति २०७६/१२/७ गते देशवासीका नाममा गरेको सम्बोधनमा संघ, प्रदेश र स्थानीय तहका सार्वजनिक, सामूदायिक तथा निजी सेवा प्रदायक संस्थाहरुबाट प्रदान गरिने नेपाल राजपत्रमा प्रकाशन गरिए अनुसारका अत्यावश्यक सेवा बाहेकका अन्य सबै सेवाहरु मिति २०७६/१२/८ देखि मिति २०७६/१२/२१ सम्म बन्द गर्ने घोषणा एवं माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री इश्वर पोखरेलज्यूको संयोजकत्वमा गठित (COVID-19) संक्रमण, रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको मिति २०७६/१२/५ गते बसेको बैठकबाट विश्वविद्यालयहरुका पठनपाठन वि.स.२०७६ चैत्र मसान्तसम्म बन्द गर्न गरेको निर्णय सन्दर्भमा नेपाल खुला विश्वविद्यालय अन्तर्गत सञ्चालन हुने भौतिक रुपमा प्रत्यक्ष उपस्थित भई सम्पन्नहुने प्रत्यक्ष कक्षा तथा अभिमुखीकरण कार्यक्रम, परीक्षा, तालिम, गोष्ठी, सेमीनार तथा मध्यावधि परीक्षा र आन्तरिक मूल्याङ्कन सम्बन्धी परीक्षा वि.स.२०७६ चैत्र ८ गते देखि वि.सं २०७६ चैत्र मसान्तसम्म बन्द गर्ने र नेपाल

कुल सचिव

# नेपाल खुला विश्वविद्यालय
## केन्द्रीय कार्यालय
मानभवन, ललितपुर, नेपाल

नेपाल खुला विश्वविद्यालय
स्था: २०७३

☎: ०१-५००८०४७
०१-५००८०४८


प.सं.:

च.नं.:

सरकारको घोषणा अनुसार मिति २०७६/१२/०९ देखि मिति २०७६/१२/२१ सम्म विश्वविद्यालयको केन्द्रीय कार्यालय बन्द गर्ने तथा यस्तो विशेष परिस्थितीमा विश्वविद्यालयका प्राध्यापक एवम् विद्यार्थीहरुको गतिशिलताका कारणले अनलाइन पद्धतीमा अनुकुलन भई समायोजन हुनका लागि केही समय आवश्यक पर्ने कुरालाई दृष्टिगतगरी अनलाईन पद्धतीबाट सञ्चालन भैरहेका सबै शिक्षण, प्रशिक्षण, विद्यार्थी सिकाई सहयोग, परामर्शका कार्यहरु तथा प्रवेश परीक्षाको नतिजा प्रकाशन सम्बन्धी कार्य मिति २०७६/१२/०९ देखि मिति २०७६/१२/२१ गते सम्म स्थगितगर्ने र मिति २०७६/१२/२३ गते देखि विश्वविद्यालयको केन्द्रीय कार्यालय, अनलाईन शिक्षण प्रशिक्षण, विद्यार्थी सहयोग, परामर्शका कार्यहरुका साथै प्रशासनिक कार्यहरु नियमितरुपमा संचालनगर्ने व्यवस्था मिलाउने ।

२) संक्रमणको जोखिम न्यूनीकरणका उपायहरु अपनाउन विशेष प्राथमिकता दिदै कार्यालयमा साबुन पानी र स्यानिटाइजरको व्यवस्था गरी आवश्यक सावधानीका उपायहरु अपनाउन सम्बन्धित निकायहरुलाई निर्देशन दिने ।

३) विश्वविव्यापी महामारीको रुपमा संक्रमित कोरना भाइरस (COVID-19) को रोकथाम तथा नियन्त्रणका लागि जनचेतना तथा निगरानीमा विश्वविद्यालयका तर्फबाट सहयोग कार्यको समन्वय गर्न तथा विश्वविद्यालको सम्पर्क व्यक्तिको रुपमा काम गर्न विश्वविद्यालयका प्राध्यापक डा सुजन बाबु मरहट्टालाई तोक्ने र विश्वविद्यालयको प्राविधिक जनशक्तीको समन्वयमा सो कार्यलाई अनलाइन मार्फत गर्न आवश्यक व्यवस्थापन गर्न सम्बन्धित निकायलाई निर्देशन गर्ने ।

४) नेपाल खुला विश्वविद्यालयले आफ्नो सेवा प्रवाहमा अनलाइन विधिको प्रयोग गरिरहेको सन्दर्भमा लामो समय प्रत्यक्ष पठनपाठन बन्द गर्नुपर्ने स्थितीमा अन्य विश्वविद्यालय तथा शिक्षण संस्थाहरुसँग नेपाल खुला विश्वविद्यालयले आफ्नो अनलाइन सेवा प्रवाह विधिको अनुभवको साझेदारी तथा सहकार्य गर्न पर्ने अवस्थामा विश्वविालयको क्षमता अनुसार योगदान गर्न तयार हुन सम्बन्धित सबै निकायलाई सूचित गर्ने ।

५) कोभिड-१९ संक्रमण, रोकथाम तथा नियन्त्रण उच्चस्तरिय समितिले २५ जनाभन्दा बढी संख्यामा एकै स्थानमा भेला नहुन जारी गरेको निर्देशनलाई विश्वविद्यालय भित्रका नियमित कार्यमा कडाईका साथ कार्यान्वयनमा ल्याउने ।

कमल ढकाल
कुल सचिव

कुल सचिव

ईमेल: info@nou.edu.np, वेभसाइट: www.nou.edu.np, पोष्टवक्स नं.: २९६